# टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९

पहिलो संशोधन मितिः २०८०/०९/०५

<u>प्रस्तावना</u> : वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरुको स्वास्थ्य सम्बन्धी समस्या समाधानको लागि आवश्यकता अनुसार समयमै स्वास्थ्य सम्बन्धी सल्लाह, सुझाव र परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले टेलिमेडिसिन सेवा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावलीको नियम ५२क. को उपनियम (२) बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्ररम्भ : (१) यस कार्यविधिको नाम "टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "टेलिमेडिसिन सेवा" भन्नाले विद्युतीय माध्यम प्रयोग गरी दिने स्वास्थ्य सम्बन्धी सल्लाह, सुझाव र परामर्श सेवालाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ग) "मोडुल" भन्नाले कुनै सञ्चालनमा रहेको एप्स भित्र राखिने छुटै शिर्षकलाई सम्झनु पर्छ ।

(घ) "विशेष समिति" भन्नाले नियमावलीको नियम ४६ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ङ) "श्रमिक" भन्नाले बैदेशिक रोजगारका क्रममा रहेका नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(च) "सचिवालय" भन्नाले वेदेशिक रोजगार बोर्डको सचिवालय सम्झनु पर्छ ।

३. टेलिमेडिसिन परामर्श सेवाको उद्देश्य : टेलिमेडिसिन सेवा सञ्चालनका उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) वैदेशिक रोजगारमा रहेका श्रमिकहरुको स्वास्थ्य सेवामा टेलिमेडिसिन सेवा मार्फत पहुँच बढाउने,



सचिव

(ख) श्रमिकहरुको स्वास्थ्य सम्बन्धी जोखिमको न्युनिकरण गर्न सञ्चार माध्यमहरुको प्रयोग गरी सचेतना फैलाउने र अनलाईन माध्यमबाट स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउने ।

४. <u>टेलिमेडिसिन सेवा प्रवाह गर्ने विधि</u> : (१) अनलाईन माध्यमबाट टेलिमेडिसिन सेवा प्रवाह सम्बन्धी सुचना सम्प्रेषण गर्ने विधिहरु देहाय बमोजिम रहेका छन् :-

(क) सचिवालयले श्रमिकहरुलाई विदेशमा रहँदा आउन सक्ने स्वास्थ्य सम्बन्धी जोखिम न्यूनिकरण गर्न - विशेषज्ञ डाक्टर, मनोसामाजिक परामर्शदाताद्वारा विभिन्न रोगहरुको बारेमा अनलाईन माध्यमबाट सेवा प्रदान गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिमको सेवा प्रदान गर्दा विदेशमा रहेका विभिन्न नेपाली संघसंस्था तथा नेपालमा रही श्रमिकहरुको हक हितमा काम गर्ने संघसंस्थाहरुसँग आवश्यक सहकार्य र समन्वय गर्न सकिनेछ ।

(ग) सचिवालयले विदेशस्थित कुटनीतिक नियोग मार्फत् वा सचिवालय आफैले सम्बन्धित देशमा रहेका नेपाली वा विदेशी विशेषज्ञ डाक्टर, मनोसामाजिक परामर्शदाताहरुको सहयोगमा अनलाईन मार्फत सम्बन्धित देशको समय अनुसार परामर्श कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(घ) विदेशमा रहँदा आइपर्नसक्ने स्वास्थ्यसँग सम्बन्धित जोखिमहरुलाई न्यूनिकरण गर्न सहयोग पुग्ने सुचनामूलक सामग्रीको उत्पादन गरी मन्त्रालय, सचिवालय तथा अन्य सामाजिक संघसंस्थाहरुको समन्वयमा प्रचार प्रसार वितरण गर्न साथै सामाजिक सञ्जाल प्रयोग गरी श्रमिकहरुलाई सचेतना अभिवृद्धि गर्न सक्नेछ ।

(२) अनलाईन माध्यमबाट देहाय बमोजिमको स्वास्थ्य परामर्श सेवा दिनेः-

(क) श्रमिकहरुलाई स्वास्थ्य सम्बन्धी परामर्श सेवा प्रत्यक्ष अनलाइन मार्फत उपलब्ध गराईनेछ । यसका लागि सचिवालयले छुट्टै टेलिमेडिसिन कक्ष स्थापना गरी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउनेछ । यसरी टेलिमेडिसिन कक्ष स्थापना नहुँदा सम्म तत्काल सेवा उपलब्ध गराउन विशेषज्ञ डाक्टर, मनोसामाजिक परामर्शदाताको सेवा खरीद गरी तालिकावद्ध सेवा सञ्चालनको व्यवस्था गरिनेछ । टेलिमेडिसिन परामर्श सेवा MDGP (Family Physician) को समन्वयमा सञ्चालन गरिनेछ ।



सचिव

(ख) अनलाईन माध्यमबाट स्वास्थ्य परामर्श सेवाका लागि सचिवालय वा मन्त्रालयले सञ्चालन गरेका विभिन्न एप्सहरुमा स्वास्थ्य सेवाको मोडुल विकास गरी सेवालाई आवद्ध (लिंक) गरिनेछ । सो मोडुल भित्र विशेषज्ञ डाक्टर, मनोसामाजिक परामर्शदातासँग अनलाईन माध्यम मार्फत सेवा लिने व्यवस्थाका साथै स्वास्थ्यसँग सम्बन्धि विभिन्न सूचनामूलक जानकारीहरु राखिनेछ ।

(ग) स्वास्थ्य परामर्श सेवा सामुहिक वा व्यक्तिगत रुपमा समेत प्रदान गरिनेछ । परामर्श सेवाका लागि निश्चित समय निर्धारण गरिनेछ । सो समयका बारेमा सम्बन्धित एप्स सचिवालयको वेवसाईट, सामाजिक सञ्जाल तथा अन्य उपयोगी माध्यम मार्फत जानकारी गराईनेछ ।

(घ) खण्ड (ख) बमोजिमको माध्यम तयार नभएसम्मका लागि अन्य विद्युतीय सञ्चार माध्यमहरु मार्फत परामर्श सेवा उपलब्ध गराईनेछ ।

(ङ) सचिवालयले विदेश स्थित कुटनीतिक नियोगले सम्बन्धित देशमा रहेका स्थानीय डाक्टर, मनोसामाजिक परामर्शदाताद्वारा प्रत्यक्ष टेलिफोन (हटलाईन) वा अनलाईन मार्फत सम्बन्धित देशको श्रमिकहरुलाई उपयुक्त समयमा स्वास्थ्य परामर्श सेवा दिइनेछ ।

(च) सचिवालयले विशेषज्ञ डाक्टरको समय मिलाउने र त्यो अनुसारको जानकारी सम्बन्धित श्रमिकलाई उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

५. <u>बजेट व्यवस्थापन</u> : (१) टेलिमेडिसिन सेवा सञ्चालनका लागि सचिवालयले आवश्यक बजेटको प्रबन्ध गर्नेछ ।

(२) सरकारी, गैर सरकारी वा निजी संस्थाले टेलिमेडिसिन कार्यक्रम सञ्चालन गर्नका लागि बजेट व्यवस्था सहित सहकार्यका लागि प्रस्ताव पेश गरेमा सचिवालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

५क. <u>•जनशक्ति व्यवस्थापनः</u>- (१) टेलिमेडिसिन सेवा सञ्चालन गर्न देहाय बमोजिमको जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

क. MDGP (Family Physician) संयोजक - १ जना

ख. सम्बन्धित रोगका विशेषज्ञहरु - आवश्यकता अनुसार

---

• पहिलो संसोधनद्वारा थप गरिएको



सचिव

ग. मेडिकल अधिकृत (आठौं तह वा सो सरह) — १ जना
घ. स्वास्थ्य सहायक (पाँचौं तह वा सो सरह) — १ जना
ङ. मेडिकल रेकर्डर/सूचना प्रविधि सहायक (पाँचौं तह वा सो सरह) — १ जना

(२) टेलिमेडिसिन सेवा सञ्चालनमा खटिने जनशक्तिको लागि बोर्डबाट सम्झौता अनुसार देहाय बमोजिमको सेवा सुविधा उपलब्ध हुनेछ ।

(क) नेपाल सरकारबाट स्थायी नियुक्त भई कामकाज गरि रहेका जनशक्तिको हकमा काम गरेको दिन प्रति दिन रु. १५००।— का दरले भत्ताको व्यवस्था गरिनेछ ।

(ख) करारमा नियुक्त गरी कामकाज गर्न लगाउन परेको जनशक्तिको हकमा सम्बन्धित सेवा समूहको नेपाल सरकारले तोके बमोजिमको न्यूनतम पारिश्रमिक उपलब्ध गराईनेछ ।

(ग) यस दफा बमोजिम आवश्यक कर्मचारी सम्बन्धित संस्थाले विद्यमान जनशक्तिबाट वा प्रचलित कानूनबमोजिम नियुक्त गरी कार्यसम्पादन गर्नुपर्नेछ।

(३) स्वास्थ्य संस्थाबाट टेलीमेडिसिन सेवा सञ्चालन हुँदा अनुसूची १ बमोजिमको ढाँचामा मासिक रुपमा सचिवालयमा प्रतिवेदन पेश गर्नु पर्ने ।

६. <u>अभिलेखकरण</u> : (१) यस कार्यविधि बमोजिम टेलिमेडिसिन सेवा लिएका सेवाग्राहीहरुको विवरण सचिवालयमा राखिनेछ । टेलिमेडिसिन सेवा सञ्चालन गर्ने सबै निकाय वा संस्थाले आफूले उपलब्ध गराएको सेवा र खर्चको विवरण मासिक रुपमा सचिवालयमा पेश गर्नुपर्नेछ ।

(२) टेलिमेडिसिन सेवा दिने विशेषज्ञ डाक्टर, मनोसामाजिक परामर्शदाताहरु तथा संघ संस्थाहरुको रोष्टर तयार गरी सचिवालयले तयार गर्नेछ ।

७. <u>कार्यक्रमको अनुगमन र व्यवस्थापन</u> : टेलिमेडिसिन सेवाको सञ्चालन, व्यवस्थापन तथा अनुगमन र प्रतिवेदन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) महाशाखा प्रमुख, रोजगार व्यवस्थापन महाशाखा, मन्त्रालय - संयोजक
(ख) विशेषज्ञ समितिको संयोजकले तोकेको चिकित्सक - सदस्य
(ग) निर्देशक, योजना तथा प्रशासन शाखा, सचिवालय - सदस्य सचिव

८. <u>सेवा विस्तार र सहकार्य</u> : (१) सम्बन्धित देशमा रहेको नेपाली नियोग मार्फत टेलिमेडिसिन सेवा उपलब्ध गराउन मनासिब देखिएमा सोको लागि सचिवलायले आवश्यक व्यवस्था गर्न सक्नेछ ।



सचिव

(२) यस कार्यविधि बमोजिमको सेवा सञ्चालन गर्दा सरकारी, निजी र सामाजिक संघ संस्थाहरुले सचिवालयसँग समन्वय गर्न सकिनेछ ।

९. <u>सेवा खरीद गर्न सक्ने</u> : सचिवालयले टेलिमेडिसिन सेवालाई प्रभावकारी बनाउनको लागि यस सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, निजी क्षेत्र र सामाजिक संस्थामार्फत सेवा उपलब्ध गराउन सार्वजनिक खरिद प्रक्रियाको अवलम्बन गरी सेवा खरिद गर्न सक्नेछ ।

१०. <u>बाधा अडकाउ फुकाउने</u> : यस कार्यविधिको कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन आएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार मन्त्रालयलाई रहनेछ ।

११. <u>कार्यविधिको संशोधन</u> : यस कार्यविधिमा आवश्यकतानुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## *अनुसूची – १

दफा ५ग सँग सम्बन्धित

| क्र. सं. | विशेषज्ञको | | विरामीको | | | | | विशेषज्ञद्वारा दिएको सल्लाह/सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर | तह/पद | नाम, थर | उमेर | महिला /पुरुष | मुलूक | रोगको नाम | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

सचिव

* पहिलो संसोधनद्वारा थप गरिएको